बेलबारी नगरपालिका
BELBARI MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
बेलबारी, मोरङ
BELBARI, MORANG
कोशी प्रदेश, नेपाल
(KOSHI PROVINCE, NEPAL)
☎ 021-434259
021-434213

प.स Letter No: २०८१।०८२ (2081/082)
चलानी नं. Dispatch No:

# आर्थिक वर्ष २०८२/०८३ को लागि आन्तरिक आयको ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी शिलवन्दी दरभाउपत्र आह्वानको सूचना

(दोश्रो पटक प्रकाशित मिति २०८२/०३/३०)

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ को दफा ६२ को उपदफा २ (ग) र (घ) तथा बेलबारी नगरपालिकाको आर्थिक ऐन, २०८१ को दफा ६ र दफा ११ मा भएको व्यवस्था अनुसार राजश्व परामर्श समितिको मिति २०८२/०२/२० गतेको सिफारिस र बेलबारी नगरकार्यपालिकाको मिति २०८२/०२/२५ गते बसेको नगर कार्यपालिका बैठकको निर्णय अनुसार आर्थिक वर्ष २०८२/०८३ को लागि देहाय बमोजिमका सडक र हाटबजारमा आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले नगरपालिकाबाट तोकिएको दररेटमा एवं शर्तहरुको अधिनमा रहि शिलवन्दी दरभाउपत्र प्रक्रियाबाट सहभागी हुन सम्बन्धित सबैको लागि दोश्रो पटक यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | विवरण | ठेक्का नं. | न्युनतम अंक (मु.अ.कर सहित) | दरभाउपत्र फारम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|
| १ | बाहुनी बजार वडा नं. ७ | BM/S/SQ-04-2082/83 | २,०५,५६०/- | १०००/- | मु.अ.कर सहितको कुल कबोल अंकको ५ प्रतिशत |
| २ | डाँगिहाट बजार वडा नं. ९ | BM/S/SQ-05-2082/83 | २,००,०००/- | १०००/- | मु.अ.कर सहितको कुल कबोल अंकको ५ प्रतिशत |
| ३ | लक्ष्मीमार्ग बजार वडा नं. ११ | BM/S/SQ-06-2082/83 | १,१७,५००/- | १०००/- | मु.अ.कर सहितको कुल कबोल अंकको ५ प्रतिशत |
| ४ | कसेनी बजार वडा नं. ५ र सोमबारे बजार वडा नं. ६ | BM/S/SQ-07-2082/83 | १,००,१००/- | १०००/- | मु.अ.कर सहितको कुल कबोल अंकको ५ प्रतिशत |

नोट : एकभन्दा बढी ठेक्का प्रकृयामा सहभागी हुन चाहाने दरभाउपत्रताले प्रत्येक ठेक्काको लागि छुट्टाछुट्टै दरभाउपत्र नियमानुसार पेस गर्नुपर्नेछ। दरभाउपत्र सूचना प्रकाशित भएको मितिले ७ औं दिन दिनको ४:०० बजे सम्म मात्र बेलबारी नगरपालिकाको कार्यालयबाट खरीद गर्न सकिनेछ। उक्त दरभाउपत्र ८ औं दिन दिनको १२:०० बजे सम्ममा यस कार्यालयमा पेस गरिसक्नुपर्नेछ। विस्तृत विवरण/ शर्त/ जानकारीका लागि बेलबारी नगरपालिकाको वेवसाईट https://belbarimun.gov.np/ मा हेर्न सकिने छ।

संजय बहादुर राजलवट
प्रमुख प्रशासकीय अधिकृत

शर्तहरु

१. दरभाउपत्र सूचना प्रकाशित भएको मितिले ७ औं दिन दिनको ४:०० बजे सम्म मात्र खरीद गर्न सकिनेछ । उक्त दरभाउपत्र ८ औं दिन दिनको १२:०० बजे सम्ममा यस कार्यालयमा पेस गर्नुपर्नेछ । शिलबन्दी दरभाउपत्रहरु ८ औं दिन दिनको ०२:०० बजे दरभाउपत्रदाताको रोहवरमा खोलिनेछ। दरभाउपत्र खोल्ने समयमा दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्ने कार्यालयलाई बाधा पुग्नेछैन। समय नाघी आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।

२. दरभाउपत्रहरु फर्म/कम्पनी /संस्था साथै व्यक्तिले समेत पेस गर्न सक्नेछन ।

३. तोकिएको समयसिमा भित्र न्युनतम एउटा दरभाउपत्र पेश भएमा पनि मूल्याङकनमा समावेश गरिनेछ ।

४. दरभाउपत्र फारम बेलबारी नगरपालिकाको राजस्व उपशाखामा राजश्व बुझाई खरिद गर्न सकिनेछ । फर्म/कम्पनी /संस्थाको हकमा दरभाउपत्र फारम दस्तुर बुझाएको रसिद साथै मु.अ.कर सहितको कबोल गरेको अंकको ५ प्रतिशत हुन आउने रकम बेलबारी नगरपालिकाको स्थानीय तह धरौटी खाता नं.२४३०१००३०३००००००२ मा जम्मा गरी वा धरौटी रकम बराबरको रकम "क" वर्गको वाणिज्य बैंकले जारी गरेको २०८२ भदौ मसान्त सम्मको म्याद भएको बैंक ग्यारेन्टीको सक्कलै प्रति दरभाउपत्र पेस गर्दा अनिवार्य सम्लग्न राखी गरी पेश गर्नु पर्नेछ । व्यक्तिको हकमा दरभाउपत्र खरिद गरेको रसिद र मु.अ.कर सहितको कबोल गरेको अंकको ५ प्रतिशतले हुन आउने रकम बेलबारी नगरपालिकाको स्थानीय तह धरौटी खातामा नगदै जम्मा गरेको भौचर पेस गर्नुपर्नेछ । कार्यालयको कोड ८०१०११३०४ र राजश्व शिर्षक नम्बर १४२२९ रहेको छ।

५. दरभाउपत्र सम्बन्धित कागजातहरु बेलबारी नगरपालिकाको राजश्व उपशाखाबाट उपलब्ध गराइनेछ । दरभाउपत्र फारम दस्तुर वापतको राजश्व र धरौटी रकम वा बैंक ग्यारेन्टी छुट्टाछुटै पेस गर्नुपर्नेछ ।

६. दरभाउपत्र फारम खरिद गरेको बैंक भौचरको प्रति वा राजस्व उपशाखाबाट उपलब्ध गराईएको रसिद, फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि, नवीकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व.२०८०/८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र प्रचलित कानुन बमोजिम यस प्रकृयामा भाग लिन पाउने स्वःघोषणा पत्र साथै अन्य आवश्यक सम्पुर्ण कागजात पेस गर्नुपर्नेछ । व्यक्तिको हकमा नागरिकता प्रमाणपत्र प्रतिलिपि र व्यक्तिगत स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपि पेस गर्नुपर्नेछ साथै व्यक्तिगत स्थायी लेखा नं. पेस नगरेको तर सारभूत रूपमा प्रभावग्राही भई सम्झौता गर्नुपर्ने अवस्था आएमा व्यक्तिगत स्थायी लेखा नं. पेस गर्नुपर्नेछ ।

७. दरभाउपत्रदाताले कबोल गरेको ठेक्का अंकको सम्पूर्ण रकम एकमुष्ट बुझाउन चाहेमा कबोल रकमको १० प्रतिशत सम्म मात्र छुट दिन सकिनेछ । १३ प्रतिशत मु अ कर र १.५ प्रतिशत अग्रिम आयकरमा कुनै पनि छुट उपलब्ध गराईने छैन । उक्त रकम आर्थिक प्रशासन शाखामा यकिन गरी/गराई बेलबारी नगरपालिकाको आन्तरीक राजश्व खाता नं. २४३०१००३०१०१०००२ मा दाखिला गर्नुपर्नेछ ।

८. किस्तामा बुझाउन चाहाने दरभाउपत्रदाता हरुको हकमा तीन किस्तामा सम्पूर्ण रकम बुझाउनु पर्नेछ । प्रथम किस्ता, सम्झौता पूर्व कबोल रकम (सम्पूर्ण कर वाहेक) को ४० प्रतिशत, दोस्रो किस्ता ४० प्रतिशत बापत २०८२ कात्तिक मसान्त र तेस्रो किस्ता २० प्रतिशत वापत २०८२ चैत्र मसान्त सम्ममा जम्मा गर्नु पर्नेछ । साथै १३ प्रतिशतले हुन आउने मूल्य अभिवृद्धि कर र १.५ प्रतिशत अग्रिम आय कर रकम दरभाउपत्रदाताले सम्झौता पूर्व नै यस कार्यालयमा दाखिला गर्नुपर्नेछ तथा किस्तामा रकम बुझाउने भएमा दरभाउपत्रदाताले ठेक्का सम्झौता पछी बुझाउन बाँकी ६० प्रतिशत बराबरको "क" बर्गको बैंकबाट २०८३ श्रावण मसान्त सम्म म्याद भएको बैक ग्यारेन्टी पेश गर्नुपर्नेछ । कवोलकर्ताले यस शर्त बमोजिम तोकिएको अबधि भित्र दोश्रो किस्ता बापतको रकम जम्मा नगरेमा तेश्रो किस्ता समेतको रकम २०८२ चैत्र १ गते निज कबोलकर्ताले पेश गरेको बैक ग्यारेन्टी जफत गरी असुल उपर गर्न सकिनेछ । व्यक्तिको हकमा सम्झौताका बखतमा एकमुष्ट रकम बुझाउनुपर्नेछ ।

९. बोलपत्र स्वीकृत पश्चात सम्झौता गर्न आउने पत्र बुझेको वा सूचना प्रकाशन भएको वा आधिकारीक ईमेलमा पत्र पठाईएको १५ (पन्ध्र) दिन भित्र सम्झौता गर्न नआएमा दरभाउपत्र जमानत बापतको सम्पूर्ण धरौटी रकम जफत गरी दरभाउपत्र स्वीकृत भएको दरभाउपत्रदातालाई कालो सूचीमा राखिनेछ।

१०. ठेक्काको सम्झौता अबधि २०८२ श्रावण १ देखि २०८३ असार मसान्त सम्मको लागि मात्र हुनेछ ।

संजय बहादुर राजलवट
प्रमुख प्रशासकीय अधिकृत

११.ठेक्का सम्झौता भइसकेपछि प्राकृतिक वा मानव निर्मित कुनै कारणले बन्द, हडताल वा यसै प्रकारको अवस्था सृजना भएमा ठेक्का रकममा कुनै प्रकारको छुट वा मिनाहा माफि दिइने छैन ।

१२.कर तथा सेवा शुल्क नगरपालिकाले तोके बमोजिमको दररेटमा अशुल गर्नु पर्नेछ। अन्यथा बढी रकम अशुल गरेको ठहर भएमा नियमानुसार कारवाही हुनेछ।

१३.कर/शुल्क उठाउँदा प्रयोग हुने रसिद नगरपालिकाले तोके बमोजिमको ढाँचामा ठेकेदार आफैले छपाई नगरपालिकाको रसिद नियन्त्रण खातामा दाखिला गरी आवश्यकताका आधारमा माग गरी प्रमाणित गराई प्रयोग गर्नु पर्नछ।

१४.यस कार्यालयले निर्धारण गरेको दररेट भन्दा बढी असुल गरेमा नियम अनुसार कारबाही भई ठेक्का रद्द समेत हुन सक्नेछ।

१५.दरभाउपत्रदाताले ठेक्का भोग चलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम काम गर्नु पर्नेछ।

१६.नगरपालिकाले स्वीकृत गरी विक्री गरेको देहायका कागजातनै यस प्रयोजनका लागि Standard Bid Document रुपमा मानिनेछ।

देहाय

क. पूर्ण सूचना
ख. BoQ
ग. दररेट
घ. निवेदन

१७.दरभाउपत्रदाताले नगरपालिकाले स्वीकृत गरि विक्री गरेको आन्तरिक स्रोत असुलि सम्बन्धीको BoQ अंक र अक्षरमा भरी सहिछाप गरी पेश गर्नुपर्नेछ तर दरभाउपत्रदाताले भरेको कुनै कगजातमा आफ्नो कबोल अंक उल्लेख गरेमा/भएमा त्यस्तो दरभाउपत्रलाई समेत सार्वजनिक हितको सिद्धान्तका आधारमा मूल्याङ्कन प्रकृयामा लैजान बाधा पुग्ने छैन ।

१८. नगरपालिकाले यस प्रकृयामा भाग लिएका दरभाउपत्रदाताहरूको तोकिए बमोजिम मूल्याङ्कन गरी सारभूत रुपमा प्रभावग्राही ठहरिएको अधिकतम कबोल गर्ने दरभाउपत्रदातालाई सम्झौताका लागि आव्हान गर्नेछ ।तोकिएको समय भित्र उल्लेखित दरभाउपत्रदाता सम्झौता गर्न नआएमा क्रमसः दोस्रो र तेस्रो लगायतका दरभाउपत्रदातालाई सम्झौताका लागि पत्रचार गरिनेछ। अधिकतम कबोल गर्ने दरभाउपत्रदाता सम्झौता गर्न नआएमा निजको धरौटी बापतको सम्पूर्ण रकम जफत गरी कालो सूचिमा राख्न सम्बन्धित निकायलाई सिफारिस गर्नुका साथै लगत्तै पछिल्लो दरभाउपत्रदाता र अधिकतम कबोल गर्ने दरभाउपत्रदाताको बिचको फरक रकम समेत अधिकतम रकम कबोल गरी सम्झौता गर्न नआउने दरभाउपत्रदाताबाट सरकारी बाँकी रकम सरह असुल उपर गरिनेछ । यो प्रकृयाको क्रमस दोस्रो, तेस्रो वा अन्यलाई समेत समान ढंगले लागू हुनेछ ।

१९.ठेक्का तयारी तथा सोसँग लाग्ने सम्पूर्ण खर्चको जिम्मेवार दरभाउपत्रदाता आफैं हुनुपर्नेछ ।

२०.दरभाउपत्रदाताले आफ्नो खर्चमा आय संकलन स्थलहरुको भ्रमण गर्न सक्नेछन् ।

२१.दरभाउपत्रको कागजातमा वा सूचनामा कुनै फरक पर्न गएमा सच्याउने अधिकार यस कार्यालयमा निहित हुनेछ ।

२२.यस नगरपालिका अन्तर्गत विगतमा बुझाउनु पर्ने ठेक्का वक्यौता, पेश्की वेरुजु रहेको फर्म/कम्पनी ठेक्कामा सहभागी हुन पाउने छैन तर दरभाउपत्र खरिद गर्नु अघि उल्लेखित रकम दाखिला गरेमा ठेक्कामा सहभागी हुन वाधा पर्ने छैन।

२३.एक फर्म,संस्था वा व्यक्तीको नाममा खरीद गरिएको दरभाउपत्र अर्को फर्म वा संस्थाको नाममा दाखिला गर्न पाइने छैन।

२४.दरभाउपत्रदाता तथा नगरपालिका बीच कुनै किसिमको मत भिन्नता भएमा नगरपालिकाको निर्णयलाई अन्तिम निर्णय मानिनेछ।

२५.दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा निहित रहनेछ ।

२६.यस प्रकृयामा सहभागी हुने दरभाउपत्रदातले सूचनामा उल्लिखित सम्पूर्ण शर्तहरू र Standard Bid Document लाई स्वीकार गरी समावेस गरिएको मानिनेछ ।

२७.माथि उल्लेखित शर्तहरुको थप प्रष्टिकरण र व्याख्या साथै सूचनामा उल्लेख नभएका अन्य विषयहरु बेलबारी नगरपालिका सार्वजनिक खरिद नियमावली २०७८, प्रचलित कानुन र स्थापित सार्वजनिक हितका मान्यता मुताबिक हुनेछ। थप जानकारीका लागि ०२१-४३४२५९, info@belbarimun.gov.np मा सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

**संजय बहादुर राजलवट**
प्रमुख प्रशासकीय अधिकृत